नेपाल सरकार
**सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय**
सिंहदरबार, काठमाडौं
(कर्मचारी प्रशासन तथा आन्तरिक व्यवस्थापन शाखा)

☎ ४२००३१४
४२००२९९

पत्र संख्या :- ०७२/०७३
चलानी नं:- 3630

मिति २०७३।२।२७

विषयः-गा.वि.स. सचिव ब्यवस्थापन सम्बन्धमा ।

श्री स्थानीय विकास अधिकारी,
जिल्ला विकास समितिको कार्यालय,
गोरखा, धादिङ, नुवाकोट, रसुवा, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, ललितपुर, मकवानपुर, दोलखा, रामेछाप, सिन्धुली, ओखलढुङ्गा ।

उपरोक्त सम्बन्धमा भूकम्प प्रभावित जिल्लाहरुमा रिक्त रहेका गा.वि.स.सचिवहरुको पदपूर्तिका लागि लोकसेवा आयोगमा मागको आकृति फाराम भरी पठाउन यस मन्त्रालयबाट विभिन्न समयमा जिल्ला विकास समितिको कार्यालयहरुलाई परिपत्र गरिएको थियो। लोकसेवा आयोगबाट गा.वि.स. सचिवहरु सिफारिस भई नआएसम्मका लागि सरुवाद्वारा पदपूर्ति गरिदिन यस मन्त्रालयबाट विभिन्न मितिमा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गरी पत्र पठाइएको छ। यसरी विभिन्न प्रक्रियाबाट भूकम्प प्रभावित जिल्लाहरुको गा.वि.स. सचिव पदपूर्तिका लागि मन्त्रालयले प्रयास गर्दै आएको हुदा निकट भविष्यमा रिक्त रहेका गा.वि.स.सचिवको पदपूर्ति हुने विश्वास गरिएको छ।

पूनर्निर्माणका सन्दर्भमा लाभग्राही संग गरिने अनुदान सम्झौतामा हालसम्म उल्लेखनिय प्रगती हुन नसकेका कारण अनुदान वितरण कार्यमा बाधा परिरहेको अवस्था प्रति यस मन्त्रालयको ध्यानाकर्षण भएको छ। सम्वन्धीत जिल्लाका स्थानीय विकास अधिकारीहरुले एक गा.वि.स. सचिवलाई एक भन्दा वढी गा.वि.स.को जिम्मेवारी दिई कामकाज लगाउदै गरेको विद्यमान अवस्थालाई कायम राख्दै भूकम्पका कारण पिडित भएकाहरु संग गरिने अनुदान सम्झौता सम्वन्धि कार्यलाई प्राथमिकतामा राखि कार्यान्वयन गर्नु गराउनु हुन र यस प्रकारको मानविय कार्यमा असहयोग हुने बातावरण हुन नदिने ब्यवस्था मिलाउनु हुन नेपाल सरकार (सचिवस्तर) को मिति २०७३।२।२७ को निर्णयानुसार अनुरोध छ।

( रामुराज कडरिया )
उपसचिव